नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२ –6
चलानी नं. : ६८६

CDS and Clearing Ltd.

मिति : २०७१/१२/२७

**विषय : Client Wise Pay Out र Balance Enquiry Module सम्बन्धी परिपत्र ।**

(परिपत्र नं.:१३/आ.व.२०७१/७२)

यस लि. ले अभौतिक धितोपत्रको कारोवारको राफसाफ तथा फछ्र्योट प्रकृया सम्वन्धी CNS प्रणालीमा धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्योट विनियमावली, २०६९ को विनियम १४ को (३)ठ बमोजिम राफसाफका लागि हाल अवलम्वन गरेको Client Wise Pay Out Module मा राफसाफ सदस्यले सोझै खरिदकर्ता हितग्राहीको डिम्याट् खातामा धितोपत्र हस्तान्तरण गर्दै आएकोमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (पहिलो संशोधन, २०६९ सहित) को विनियम २९ को (७) मा निक्षेप सदस्यले हितग्राहीको खातामा धितोपत्र जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोही अनुसार गरिने व्यवस्था अन्य मुलुकहरुमा भएको हुँदा यस लि. को संचालक समितिको निर्णय अनुसार निक्षेप सदस्यले हितग्राहीको खातामा धितोपत्र जम्मा गर्ने व्यवस्था अवलम्वन गर्न सम्पूर्ण राफसाफ सदस्यहरुलाई जानकारी गराउँदछु ।

साथै यस लि. को CNS प्रणालीमा धितोपत्र दलालले आफ्ना लगानीकर्ताहरुको मौज्दात यकिन गर्न Balance Enquiry Module बाट गरिने व्यवस्था तयार गरिएकोमा यस लि. को संचालक समितिको निर्णयबाट सो व्यवस्था समेत हटाईएको बारे सम्पूर्ण राफसाफ सदस्यहरुलाई जानकारी गराउँदछु ।

.....................................

सबिना पुजारी
प्रमुख
प्रशासन विभाग